# रक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत २७८ निकायको यो वर्ष विनियोजन रु.३६ अर्ब ६४ करोड ४७ लाख, राजस्व रु.१५ करोड १० लाख, धरौटी रु.८४ करोड २६ लाखसमेत रु.३७ अर्ब ६३ करोड ८३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। मन्त्रालय मातहतका अन्य संस्था ६ को रु ३७ अर्ब ६८ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** विगतका प्रतिवेदनमा स्वयम्भू बारुदखाना, बसुन्धरा क्यान्टिन र सुनाचुरी इमल्सन प्लाण्टले आर्थिक कारोबारको सम्पत्ति तथा दायित्व देखिने गरी लेखा तयार गर्नुपर्ने, सैनिक कल्याणकारी कोषले सवारी साधन, उपकरण, भौतिक पूर्वाधार र फर्निचरमा लगानी गरेको रकमसमेत देखाई वासलात तयार गर्नुपर्ने, प्रबन्ध तथा सम्भाररथी विभाग र विकास निर्माण तथा स्थपति महानिर्देशनालय (कल्याणकारी कोष) ले खरिद गुरुयोजनाअनुसार खरिद गर्नुपर्ने, सैनिक कल्याणकारी कोषले खरिद गरेको सरकारी जग्गाको विवरण र ती जग्गामा निर्मित भवन लगायत भौतिक संरचनाको अध्यावधिक लगत राख्नुपर्ने, विकास निर्माण निर्देशनालयले बेचालु सामानको लिलाम बिक्री गर्नुपर्ने, प्रबन्ध तथा सम्भाररथी विभागले प्रतितपत्रको पुरानो पेश्की रु.१ अर्ब २३ करोड ३२ लाख फछ्र्यौट गर्नुपर्ने एवं विशेष तालिम सुरक्षा भवन निर्माणमा रु.४ करोड ४९ लाख ८७ हजार खर्च गरी अण्डरग्राउण्डसमेत ५ तला भवनको पिलर ढलान र पहिलो तलामा पक्कीवाल बनाई अधुरो छाडेको लगायतका व्यहोरा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ।

२. **अख्तियारी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र वार्षिक कार्यक्रम र अख्तियारी पठाउनु पर्नेमा मन्त्रालयले पुन निर्माण कार्यको लागि रु४० करोड ९९लाखको अख्तियारी २०७३।१।२४ मा दिएको छ। आर्मि हेडक्बाटर भद्रकाली, वीरेन्द्र अस्पताल छाउनी र सैनिक प्रहरी गण जंगी अड्डमा जवान लाइनको लागि प्राप्त रकम रु.३६ करोड २१ लाख आषाढ महिनामा खर्च भएको छ। समयमै अख्तियारी प्राप्त नभएको कारण उपर्युक्त कार्य निर्धारित समयमा सन्चालन हुन सकेको छैन। वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार अख्तियारी समयमै पठाई खरिद व्यवस्थापन गर्नुपर्दछ।

## प्रबन्ध तथा सम्भाररथी विभाग

३. **ठेक्का व्यवस्था -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्दछ। सम्भाररथी विभागले यो वर्ष नेपाली सेनाको लागि आवश्यक विभिन्न सामान खरिद गर्न बोलपत्र तथा दरभाउपत्र को प्रक्रियाबाट स्वदेश शाखाबाट १०६ बोलपत्रको रु. ८४ करोड ४० लाख र विदेश शाखाबाट ५० बोलपत्रको रु.१ अर्ब ४८ करोड ८८ लाख समेत १५६ ठेक्काबाट रु.२ अर्ब ३३ करोड २९ लाखको खरिद सम्झौता गरेको मध्ये ४० ठेक्का परीक्षण गरेकोमा अधिकांश ठेक्काहरु तेस्रो चौमासिकमा स्वीकृत गरी सम्झौता गरेको देखिन्छ। नियमावलीको व्यवस्था अनुसार समयमै खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ। यस सम्बन्धमा सुझाव अनुसार कार्यान्वयन गर्नेतर्फ कारबाही गरिने जवाफ प्राप्त भएको छ।

४. **बोलपत्र प्रतिस्पर्धा -** यो वर्ष सम्झौता भएका बोलपत्र तथा सिलबन्दी दरभाउपत्रहरुमध्ये परीक्षण गरिएका ७ खरिद सम्झौतामा प्रतिस्पर्धाको स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

| विवरण | बोलपत्र बिक्री संख्या | दाखिला संख्या | मूल्याङ्कनबाट हटाएको संख्या | छनौट बोलपत्र संख्या | लागत अनुमान | स्वीकृत रकम | मूल्याङ्कनबाट हटाएको सब भन्दा कम कबोल अङ्क (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|---|
| टायर ट्यूब व्याट्री | १० | ७ | ५ | २ | ३४८८ | २८५६ | २७१४ |
| ट्यूनिकमा लगाउने कालो टाइ | ५ | ४ | ३ | १ | १९६९ | १३२७ | ७९७ |
| एपुलेट र टांक | ५ | २ | १ | १ | ९१३८ | ९०६१ | ७६९७ |
| मेसिनरी औजार | १२ | ९ | ८ | १ | ७२२४ | ५४२८ | ४८९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सीएसएसआर इक्विपमेन्ट जी५ | ९ | ६ | ४ | २ | २८१६१ | २७३६८ | १७९९९ |
| मेडिकलका सामान | ६ | ५ | ४ | १ | ६०२२ | ५३१४ | २७८३ |
| ज्याकेट | १० | १० | ९ | १ | १७८८७ | १७६८९ | ६८७१ |

बोलपत्र बिक्रीको तुलनामा दाखिला कम हुने र दाखिलाको मूल्याङ्कन गर्दा अधिकांस हट्न गई प्रतिस्पर्धा सीमित भएको छ । यस सम्बन्धमा विपद व्यवस्थापन सम्बन्धी सामग्री, भि.भि.आईपी. सुरक्षासंग सम्बन्धित सामग्री र मेडिकल उपकरण तत्काल बोलपत्र आव्हान गरी खरीद नगर्दा नेपाली सेनाको सुरक्षा व्यवस्था तथा सामानको अपर्याप्तताको कारण असहज हुने भएकोले सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम छोटो समयमा सामानहरु खरीद गर्नको लागि विभागीय प्रमुखको स्वीकृति लिई रक्षा मन्त्रालयलाई जानकारी समेत गराई खरीद गरिएको र चालु वर्षदेखि सो कार्यलाई न्यून गर्दै लगिएको जवाफ प्राप्त भएको छ ।

५. **बोलपत्र सूचना -** सार्वजनिक खरिद ऐन, २०६३ दफा १४(४) बमोजिम राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना प्रकाशन गर्दा कम्तीमा तीस दिनको अवधि दिनुपर्ने उल्लेख छ । परीक्षण गरिएका ५ बोलपत्रमा ४ देखि ७ दिन सम्मको अवधि दिई सूचना प्रकाशन गरेको एवं सम्झौता गर्दा आपूर्ति गर्ने समय १ देखि ७ दिनसम्म दिएको छ । यसरी कम अवधिको सूचना प्रकाशन गरी सम्झौता भएका देहायका आपूर्तिकर्तालाई रु.५ करोड ७९ लाख भुक्तानी गरेको छ । ऐनमा तोकेको अवधिभन्दा न्यून समय दिई सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्दा प्रतिस्पर्धा सीमित हुने भएकोले नियमानुसार ठेक्का व्यवस्था गर्नुपर्दछ ।

रु.हजार

| सामानको नाम | माग गरेको अवधि | बोलपत्र माग गरेको मिति | सम्झौता मिति | आपूर्ति गर्नुपर्ने अवधि | भुक्तान रकम |
|---|---|---|---|---|---|
| सि एस एस सि इक्पिमेन्ट | ७ दिन | २०७३।२।३२ | २०७३।३।१६ | २०७३।३।२२ | ४०५० |
| कम्प्यूटर तथा विविध | ७ दिन | २०७३।२।२४ | २०७३।३।२४ | २०७३।३।२७ | ८४४६ |
| एपुलेट र टांक | ७ दिन | २०७३।२।२८ | २०७३।३।१५ | २०७३।३।२२ | १०२३९ |
| स्नो क्लोथिङका सामान | ४ दिन | २०७३।३।१४ | २०७३।३।२४ | २०७३।३।२६ | १२८५२ |
| ज्याकेट | | | २०७३।३।२६ | २०७३।३।२७ | २२३३६ |
| जम्मा | | | | | ५७९२३ |

६. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । यस कार्यालयले प्राविधिक पुष्ट्याईबेगर बचत भएको रकमलाई आधार लिई छालाको बुट, ज्याकेट, पालसायर, कार्यालय पोशाक जस्ता सामान भेरिएसन आदेशबाट रु. १ करोड १४ लाख ६० हजार र सुन्दरीजल आर्सनल कार्यालयले भवन निर्माणमा रु.१६ लाख ६१ हजार भेरिएसनबाट थप खरिद गरेको छ । ऐनको प्रक्रिया पुऱ्याई पुष्ट्याईसहित भेरिएसन गर्नुपर्दछ । यस सम्बन्धमा नेपाली सेनाको नफ्रि र आवश्यकतालाई मध्यनजर राखी थप परिमाण आवश्यक पर्ने सामानहरु खरीद गर्नको लागि विनियोजन भएको रकमबाट खरीद प्रक्रिया गर्दा बचत हुन आएको रकम समेतलाई आधार मानी सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११८ बमोजिम स्वीकृति लिई खरीद गरेको जवाफ प्राप्त भएको छ ।

७. **ज्याकेट खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ अनुसार बोलपत्र छनौट भएको ७ दिन भित्र सार्वजनिक निकायले सम्बन्धित बोलपत्र दाताहरुलाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनुपर्ने उल्लेख छ । पोशाक ज्याकेट ४ हजार ५ सय थान खरिद गर्न रु.१ करोड ७८ लाख ८७ हजारको लागत अनुमान तयार गरी सिलबन्दी बोलपत्र आह्वान गरेकोमा १० बोलपत्र पेश भएको मध्ये ७ बोलपत्रदाताको विभागले तोकेको नमूना अनुसार नभएको र २ बोलपत्रदाताको क्यालिटी टेष्ट रिपोर्ट नभएकोले अस्विकार गरी सबैभन्दा बढी कबोल गर्ने एक आपूर्तकको रु.१ करोड ७६ लाख ८९ हजारको सिलबन्दी बोलपत्र स्वीकृत गरेको छ । बोलपत्र सूचनामा बैङ्क जमानत रु.३ लाख ७३ हजार हुनुपर्ने उल्लेख भएकोमा १ दिनको म्याद दिई २०७३।३।१४ मा प्रकाशित संसोधित सूचनाले रु.४ लाख ४७ हजार पुऱ्याएको देखिन्छ । स्वीकृत भएको आपूर्तकले २०७३।३।८ मा मात्र वाणिज्य विभागबाट रेडिमेड कपडा र लत्ता कपडाको कारोबार गर्न पाउने स्वीकृति प्राप्त गरेको छ । विभागले बोलपत्रदातालाई आशयको सूचना दिएको देखिँदैन । सम्झौता २०७३।३।२६ मा गरी १ दिनभित्र २०७३।३।२७ मा सबै आपूर्ति गरिसक्नुपर्ने सम्झौतामा उल्लेख छ । एकै दिन

भित्र सामान आपूर्ति र गुणस्तर जाँच भएको भनी विश्वस्त हुने आधार देखिएन । सोही आपूर्तकलाई २०७३।३।२८ मा थप ६०७ थान ज्याकेट आपूर्तिको लागि भेरिएसन आदेश दिएको छ । शुरु सम्झौता र भेरिएसनसमेत गरी रु.२ करोड २३ लाख ३६ हजार भुक्तानी गरेको छ । तसर्थ खरिद योजना तयार गर्दा समयमा बोलपत्र र सामान प्राप्त गर्ने तर्फ विभागको ध्यान जानु पर्दछ । यस सम्बन्धमा नेपाली सेनामा प्रयोग भइरहेको कलरकोडमा नै फरक पर्ने गरी न्यून अंक कबोल गर्ने नमुना अनुरुप नेपाली सेनाको रकमलाई मात्र आधार मानी सामान खरीद गर्दा सेनाको एकरुपतामा नै फरक पर्ने कुरालाई मध्यनजर राखी यस विभागले उपलव्ध गराएको नमुनामा हुबहु हुने ज्याकेट सप्लाई गर्न बढी अंक कबोल गर्ने बोलपत्रदातालाई दिनुपर्ने बाध्यात्मक परिस्थिति परेको हुंदा सोही अनुसार खरीद गरिएको जवाफ प्राप्त भएको छ ।

८. **सामान प्राप्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्विकार गरिसकेपछि आपूर्तिकर्तालाई अन्तिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । यो वर्ष विभिन्न आपूर्तकसंग विभिन्न मालसामान आपूर्ति गर्न सम्झौता गरेकोमा आपूर्तिकर्ताले जंगी असवावखानामा सामान दर्तासम्म गराएको तर खोलुवा मुचुल्का र सामानको दाखिला नगर्दै आपूर्तकलाई रु. ७ करोड २१ लाख ६२ हजार भुक्तानी गरेको छ । आपूर्तकबाट प्राप्त सामान आम्दानी बाँधेको प्रमाण पेश नगरी भुक्तानी नगर्न विगतमा सुझाव दिएकोमा स्थिति यथावत् छ ।

९. **छालाको बुट -** यो वर्ष सेनालाई आवश्यक पर्ने छालाको बुट खरिद गर्न एकै पटक बोलपत्र आह्वान नगरी प्रथम पटक २०७२।११।१ मा १२ हजार जोरको लागि र दोस्रो पटक २०७२।११।११ मा १५ हजार ७ सय जोरको लागि सिलबन्दी सूचना आह्वान गरेकोछ । स्वदेशतर्फ २ बोलपत्रदातासँग भेरिएसन सहित २९ हजार २५९ जोर खरिद गरी रु.५ करोड ६९ लाख १३ हजार भुक्तानी भएको र विदेशतर्फ ३६ हजार ४८० जोर खरिद गर्न अमेरिकी डलर ६ लाख ८८ हजार ७४२ को प्रतितपत्र खोलेको छ । स्वदेशतर्फ एक आपूर्तकले प्रतिजोर रु.२ हजार ७ का दरले आपूर्ति गरेको छ भने अर्का एक आपूर्तकले प्रति जोर रु.२ हजार ३१६ दरले आपूर्ति गरेको छ । यसरी छुट्टा छुट्टै ११ दिनको फरकमा बोलपत्र आह्वान गर्दा प्रतिजोर रु.३०९।- बढी दरले खरिद गर्दा रु.४१ लाख ९० हजार थप व्ययभार परेको छ । तसर्थ एकै पटक बोलपत्र आह्वान गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ । यस सम्बन्धमा खरीद गरिएको बुठहरु हिमाल तराई र पहाडमा तैनाथ हुने सकल दर्जाहरुको लागि भिन्ना भिन्नै गुणस्तरयुक्त आवश्यक भएकोले प्रतिजोरको मूल्य फरक पर्न गएको जवाफ प्राप्त भएको छ ।

१०. **डिमोरेज चार्ज** - एक कम्पनीसँग ६ हजार थान सुरक्षा सामाग्री खरिद गर्न अमेरिकी डलर २ लाख ३७ हजारको (ने.रु.२ करोड ७६ लाख ५३ हजार) ६ मार्च २००६ मा सम्झौता भएको देखियो । उक्त सामान आपूर्तिकर्तालाई भुक्तानी हुने प्रत्याभूति भएको १८० दिन भित्र आपूर्ति गरी सक्नु पर्ने उल्लेख छ । सो अनुसार टि.टि.मार्फत २०६३।९।१२ मा आपूर्तिकर्ताको खातामा पठाएको देखिन्छ । कम्पनीले सम्झौताअनुसार २०६३।९।१२ मा नै तातोपानी भन्सार कार्यालयमा सामान ल्याएको र सामान बुझी नलिएको कारणले डिमोरेज चार्ज, निर्यात इजाजत पत्र नवीकरण र परिवहन वापत थप खर्च लागेको भनी अमेरिकी डलर २ लाख ३० हजार दावी गरेकोमा उक्त सामान २०६३ मा भन्सारमा आएको प्रमाण संलग्न गरेको छैन । शान्ति सम्झौता २०६२।६३ मा भए तापनि सो सामग्री ल्याउनेतर्फ २०६९।११।३० सम्म कुनै कारबाही भएको देखिँदैन । भन्सार प्रज्ञापनपत्र अनुसार २०७३।३।३ मा भंसार छुटाएको र २०७३।३।१६ मा कार्यालयमा दाखिला गरेको छ । नेपाल सरकारको २०७२।१२।२६ को निर्णयले २०६३ पौषदेखि कै हर्जाना दिने निर्णय गर्दा रु. २ करोड ४८ लाख ३१ हजार थप व्ययभार परेको छ । यस सम्बन्धमा नेपाली सेनाको लागि अत्यावश्यक भएको उक्त सामग्री सुरक्षा स्थिति सहज भएपस्चात आपूर्ति गर्नको लागि कम्पनीसंग समन्वय गरिएको र रक्षा मन्त्रालयको स्वीकृतिमा भुक्तानी भएको भन्ने जवाफ प्राप्त भएको छ ।

## ईन्जिनियर विभाग

११. **भवनको लागत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ अनुसार लागत अनुमान तयार गर्दा खरिदका लागि काम सम्पन्न गर्न लाग्ने अधिकतम रकम र समय खुलाउनु पर्नेमा नखुलाई भवनको लागि यो वर्ष प्राप्त भएको अख्तियारी र कार्यक्रम अनुसार रु.२८ करोड ४९ लाख मात्रको लागत अनुमान तयार

गरी रु.२८ करोड ४४ लाख ५ हजार एक निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । भवनको कुल लागत, सम्पन्न हुन लाग्ने अवधि एकिन हुन सक्ने गरी कार्य गराउनुपर्दछ ।

१२. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार १० लाख रुपैया भन्दा बढी मुल्यको निमार्ण कार्य गर्ने निमार्ण व्यवसायीले बीमा गर्नु पर्नेमा यो वर्ष निर्माण शुरु भएको रु २८ करोड ४९ लाखको  हेडक्वाटर भवन, रु १० करोड ६७ लाख १४ हजारको वीरेन्द्र अस्पतालमा जवान लाइन र रु २ करोड ६९ लाख ६७ हजारको सैनिक प्रहरी गणमा जवान लाइन भवनको बीमा गरेको छैन । विल अफ क्वान्टिटीमा समेत बीमाबापतको रकम समावेस गरेको छैन । बीमा नगर्दा निर्माण स्थलमा हुने हानी नोक्सानीको दायित्व वहन हुने अवस्था नरहेको हुँदा सोको व्यवस्था गर्नुपर्दछ ।

## राशन, इन्धन र परिवहन महाशाखा

१३. **वायोग्यास प्लाण्ट -** इन्धन संकट कम गर्ने तथा वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास गर्ने लक्ष्यअनुसार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसंग केन्द्रीयस्तरको समन्वय एवं योजनाअनुसार निर्माण र जडान कार्यको २० प्रतिशत रकम वायोग्यास प्लान्ट पूर्वाधार निर्माण गर्न रक्षा मन्त्रालयले २०७३।३।१३ मा विभिन्न १७६ युनिटको लागि रु. १ करोड ७० लाखको कार्यक्रम पठाएको देखिन्छ । सो मध्ये ३ युनिटले निर्माण सम्पन्न गरेको र बाँकी यूनिटले गरेको पाइएन । कार्यक्रम संचालन गर्ने युनिटहरुले प्राप्त रकम पूर्वाधारको लागि सिमेन्ट, इटा, बालुवा, गिट्टी, पाइपलगायतको सामान खरिद गरी मौज्दातमा राखेतापनि वायोग्यास प्लान्ट स्थापना भएको छैन । वैकल्पिक उर्जा केन्द्रले आवश्यक सहयोग नगरेकोले प्लान्ट स्थापना गर्न नसकेको जानकारी प्राप्त भएको छ ।

## विकास निर्माण निर्देशनालय

१४. **सडक निर्माण -** निर्देशनालयले देहायका ४ सडक आयोजनाको ट्र्याक खोल्ने कार्यमा यो वर्षको रु.६५ करोड ४९ लाख समेत हालसम्म रु २ अर्ब २० करोड ६८ लाख खर्च गरेको छ । कर्णाली करिडोर सडक आयोजनामा गत विगत वर्षसम्म सडक विभागले खर्च गरेको रु.२३ करोड ६३ लाखसमेत तालिकामा समावेश छ ।

(रु.लाखमा)

| सडक आयोजनाको नाम | आयोजना शुरु वर्ष | सम्पन्न गर्नु पर्ने मिति | कुललम्वाई कि.मि. | सम्पन्न कि.मि. | लागत अनुमान रकम | गत वर्षसम्मको रकम | यो वर्षको खर्च रकम | जम्मा खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. जाजरकोट–डोल्पा | २०६४/६५ | नखुल्ने | ११६ | १०४ | १४७८६ | ८०२१ | १८४९ | ९८७० |
| २. कालीगण्डकी करिडोर | ०६९/७० | नखुल्ने | ७६ | ५४ | ८२६५ | ४२६५ | १८०० | ६०६५ |
| ३. कर्णाली करिडोर | २०६५/६६ | नखुल्ने | १९६.३४५ | ७ | २८४११ | २६६३ | १९०० | ४५६३ |
| ४.मैलुङ्ग-स्याप्रुबेशी | २०७१/७२ | नखुल्ने | १६ | ३ | नखुल्ने | ५७० | १००० | १५७० |
| | | **जम्मा:** | **४०४.३४५** | **१६८** | **५१४६२** | **१५५१९** | **६५४९** | **२२०६८** |

वार्षिक कार्यक्रम तथा प्रगति विवरणमा ४ आयोजनाको सम्पन्न गर्ने मिति र मैलुङ्ग स्याप्रुवेसी  सडक आयोजनाको लागत खुलाएको छैन । जाजरकोट–डोल्पा दुनै सडकबाहेक अन्य सडकको विस्तृत सर्भेक्षण गरी ड्रइङ्ग, डिजाइन तयार गरेको छैन । विस्तृत ड्रइङ्ग, डिजाइनसहितको लागत अनुमान तयार नगरेको कारण आयोजनाहरुको कुल लागत र सम्पन्न गर्ने अवधि यकिन गर्न नसकेको व्यहोरा विगतमा औल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । यस सम्वन्धमा नेपाल सरकारबाट नेपाली सेनालाई सडक निर्माण कार्य सुम्पदा केही सडक आयोजनाको लागत अनुमान खुलाएको र केहीको नखुलाई पठाएको, लागत तथा खर्च खुलेका आयोजनामा नेपाली सेनाले प्रत्येक वर्ष खर्च रकमसमेत उल्लेख गरी अध्यावधिक गर्दै वार्षिक लागत अनुमान र कार्यक्रम तयार गर्ने गरेको जवाफ निर्देशनालयले दिएको छ । वार्षिक कार्यक्रमअनुसार ४ सडक आयोजनामा रु.८९ लाख ७९ हजार घनमिटर माटो कटिङ गरी रु.३९ करोड ८७ लाख ज्यामी ज्याला खर्च गरेको छ । सडक आयोजनाहरुको विस्तृत  ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान तयार गरी चेनेजवाइज माटो, नरम चट्टान तथा कडा चट्टान कटिङ्ग गर्नुपर्ने परिमाण खुलाउनुपर्नेमा सोको लागत अनुमान तयार नगरेको र वार्षिक कार्यक्रममा पनि माटो वा चट्टानको परिमाण नखुलाएकोले सम्पन्न

परिमाण भिडान गर्न सक्ने स्थिति छैन । विस्तृत ड्रइङ डिजाइनसहितको लागत अनुमान तयार गरी माटो र चट्टानको परिमाण खुलाउनुपर्दछ ।

## मध्य एयर वेश

१५. **हवाई आम्दानी -** सैनिक हवाई महानिर्देशनालय अन्तर्गतको व्यापारिक उडान समितिले निर्धारण गरेको हवाई भाडा, इन्धन खर्च, भत्ता र अवतरण शुल्कबापत विभिन्न ३ निकायसँग रु.३२ लाख ४२ हजार उठ्न बाँकी देखिएकोले असुल गर्नुपर्दछ ।

## मध्य एयर वेश (व्यापारिक उडान विकास समिति)

१६. **बक्यौता -** मध्य एयरवेशतर्फ २०३४।०३५ देखि २०७२।७३ को ६५ निकाय र संस्थाबाट रु.७ करोड १४ लाख ७१ हजार बक्यौता असुल गर्न बाँकी देखिन्छ । लेखापरीक्षणको क्रममा ६ निकायसँग रु.३८ लाख ५९ हजार असुल भएको छ । बाँकी ६ करोड ७६ लाख १२ हजार र भी.भी.आई.पी.उडान सेवातर्फ २०४२।४३ देखि २०७२।७३ सम्म २८ निकाय र संस्थाबाट रु.१ करोड २५ लाख ८७ हजारमध्ये १ निकायसँग रु.७३ हजार असुल भई रु.१ करोड २५ लाख १४ हजारसमेत रु.८ करोड १ लाख २६ हजार हेलिकप्टर चार्टर भाडा उठ्न बाँकी रहेको छ । उक्त बक्यौता रकममध्ये विघटन भएका ८ सरकारी निकायसँग रु.५९ लाख ७५ हजार र गृह मन्त्रालयसंग रु.३ करोड १२ लाख ६० हजार बाँकी रहेको छ । असुल गर्न बाँकी भाडाको ५० प्रतिशतले हुने रु.४ करोड ६९ हजार राजस्व दाखिला गर्नुपर्नेमा बक्यौताको कारणले राजस्व असुलीमा समेत असर परेको छ । बक्यौता रकम असुल गर्नुपर्दछ ।

## सर्भे महाशाखा

१७. **जग्गा अधिग्रहण र मुआव्जा वितरण -** नेपाली सेनाको लागि चाहिने जग्गाको सर्वेक्षण गरी वार्षिक कार्यक्रममा समावेश गरी जग्गा खरिद गर्नका लागि जिल्लास्थित जिल्ला प्रशासन कार्यालयमा पेश्की पठाउने र जग्गा खरिदको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सम्बन्धित कार्यालयका प्रमुख सदस्य सचिव रहने गरी जग्गा अधिग्रहण मूल्याङ्कन समिति गठन हुने व्यवस्था रहेको छ । जिल्ला प्रशासन कार्यालयहरुलाई २०६३।६४ देखि २०७२।७३ सम्म रु.७४ करोड ७५ लाख ३३ हजार जग्गा खरिद गर्नको लागि पेश्की गएको छ । यो वर्ष लम्जुङ्गले रु. ४३ लाख ३१ हजार, रोल्पाले रु.३ लाख २१ हजार, बाग्लुङ्गले रु.१४ लाख ४९ हजार र जुम्लाले रु.१ करोड ४२ लाख ६१ हजारसमेत रु.२ करोड ३ लाख ६२ हजार जग्गा प्राप्ति विना नगदै दाखिला र जग्गा प्राप्त गरी रु.२३ करोड ४० लाख १७ हजार समेत रु २५ करोड ४३ लाख ४९ हजार पेश्की फछ्र्यौट गरेको छ । जुम्लाले जग्गा प्राप्त नगरी नगदै फिर्ता गरी पुरानो पेश्की फछ्र्यौट गरी पुन: २०७३।८।५ मा रु.२३ करोड ४७ लाख ६७ हजार जग्गा प्राप्त गर्न पेश्की गएको छ । जग्गा प्राप्त हुने सुनिश्चित नभई पेश्की गएको देखिंदा जग्गा प्राप्ति हुने सुनिश्चित पछि मात्र पेश्की दिने व्यवस्था मिलाउनु पर्दछ । त्यस्तै २०६३।६४ देखि २०७१।७२ सम्मको वालीनाली क्षतिपूर्तिको लागि गएको रु. ७९ लाख ५४ हजार हालसम्म फछ्र्यौट हुन सकेको छैन । जग्गा अधिग्रहणको लागि निकासा गएको रकम मौज्दात रहने र वालीनाली क्षतिपूर्तिको लागि रकम भुक्तानी हुंदै जाँदा राज्यलाई थप व्ययभार पर्न गएको छ ।

## गणेशदल गण

१८. **जवान लाइन -** गणको दुई तले जवान लाइन भवन २०७३।३।२५ सम्म रु.१ करोड ५० लाख ९५ हजारमा निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७३।३।७ मा सम्झौता भएको र प्राप्त अख्तियारी अनुसार पुरै रकम सो भवनमा खर्च नभएकोले बचत रकमबाट पुन तेस्रो तल्ला थप गर्ने गरी सोही निर्माण व्यवसायीबाट काम गराई रु.१ करोड ६३ लाख ८२ हजार भुक्तानी गरेको छ । सम्झौताअनुसार गर्नुपर्ने पूरै कामको रकम भुक्तानी भएको उक्त भवनको स्थलगत निरीक्षण गर्दा झ्याल, ढोका, प्लाष्टरको काम, रंग रोगन, बिजुलीको काम, ट्वाइलेट बाथरुमको फिटिङ्ग आदिको काम भएको पाइएन । कामै नगरी भुक्तानी गरेको रु ३६ लाख ८४ हजार असुल गरी भुक्तानी दिनेलाई जिम्मेवार बनाइनुपर्दछ ।

# अन्य संस्था

## नेपाली सैनिक कल्याणकारी कोष

१९. **वित्तीय अवस्था -** कोषमा गत वर्ष मौज्दात रु.३३ अर्ब ९९ करोड ९३ लाख र यो वर्षको आम्दानी रु.१३ अर्ब ९३ करोड ९३ लाखसमेत रु.४७ अर्ब ९३ करोड ८६ लाखमध्ये चालुतर्फ रु.१० अर्ब १८ करोड २७ लाख पुँजीगततर्फ रु.४८ करोड ६१ लाखसमेत रु.१० अर्ब ६६ करोड ८८ लाख खर्च गरी रु.३७ अर्ब २६ करोड ९८ लाख मौज्दात रहेको छ । उक्त खर्चमध्ये शान्ति सेना सञ्चालनमा रु.५ अर्ब ९० करोड ४८ लाख, स्वास्थ्यमा रु.३० करोड २५ लाख, शिक्षामा रु.६२ करोड ७४ लाख, मेडिकल कलेजमा रु.२३ करोड ३६ लाख पुरस्कार र छात्रवृत्तिमा रु.३२ करोड ७९ लाख, राहतमा रु.१ अर्ब ९५ करोड १३ लाख, निवृत्तिभरणमा रु.२९ करोड ९१ लाख, पुँजीगत खर्चमा रु.४८ करोड ६१ लाख तथा प्रशासनिक खर्च व्याज कर, बीमा, आयमूलक कार्य आदिमा रु ५३ करोड ६१ लाख खर्च गरेको छ ।

२०. **निक्षेप -** कोषले पेश गरेको विवरण अनुसार २०७३ आषाढ मसान्तसम्म ३० वाणिज्य बैङ्क, २ विकास बैङ्क र ५ वित्त कम्पनीमा रु.२५ अर्ब ३६ करोड १० लाख र बिदेशी मुद्रातर्फ विभिन्न बैङ्कमा रु.६ अर्ब ६८ करोड ९९ लाख मौज्दात र बांकी रु ५ अर्ब २१ करोड ८८ लाखमध्ये कल्याण योजनामा लगानी रु.४अर्ब ३४ करोड ३९ लाख, शेयर डिवेन्चर र बचतपत्रमा रु.८७ करोड ५० लाख लगानीमा रहेको छ । कुल निक्षेप मध्ये १ विकास बैङ्क र ३ वित्तीय संस्थाबाट २०७३ आषाढ मसान्तसम्म प्राप्त हुनुपर्ने मुद्दती एवं बचत खाताको साँवा रु.२३ करोड २२ लाख र ब्याज रु.४ करोड ९२ लाखसमेत रु.२८ करोड १४ लाख यो वर्ष पनि असुल नभई जोखिममा रहेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

२१. **शोधभर्ना -** सैनिक कल्याणकारी नियमावली, २०६५ को नियम १८ मा मिसनमा खटाएबापत प्राप्त गर्ने भत्ता, मेसिनरी औजार तथा उपकरणको डिप्रिसियबलबापत प्राप्त हुने शोधभर्ना रकमलगायतका अभिलेख शान्तिसेना सञ्चालन निर्देशनालयले राख्नुपर्ने उल्लेख छ । कोषबाट प्राप्त विवरणअनुसार २०६८।६९ देखि २०७२।७३ सम्म संयुक्त राष्ट्रसंघबाट रु.४७ अर्ब ३५ करोड प्राप्त भएको मध्ये रु.२५ अर्ब ६७ करोड खर्च भई रु.२१ अर्ब ६८ करोड बचत रहेको देखिन्छ ।

कोषले गत वर्षको शोधभर्ना प्राप्तमध्ये रु.९ अर्ब ५३ करोड ४४ लाख (अमेरिकी डलर ९ करोड ५६ लाख ५३ हजार) विवरण नखुलेको उल्लेख गरेकोमा यो वर्ष शोधभर्ना प्राप्त रु.११ अर्ब १२ करोड ७९ लाख मध्ये रु ११ अर्ब १२ करोड ७५ लाख (अमेरिकी डलर १० करोड ५० लाख २० हजार) शीर्षक नखुलाई एकमुष्ट आम्दानी बाँधेको छ । कोषले शोधभर्ना प्राप्त गर्नुपर्ने हिसाबको अभिलेख नराखेकोले उपर्युक्त रकमको यथार्थता यकिन गर्न सकिएन । अतः कोषले मिसनमा उपलब्ध गराएका उपकरण लगायतका सामग्री, त्यसको शोधभर्ना प्राप्त हुनु पर्ने रकम र प्राप्त हुन वांकी रकम खुल्ने अभिलेख राख्नुपर्दछ ।

२२. **पेश्की** - कोषले पेश गरेको वित्तीय विवरण अनुसार २०७३ असारसम्ममा कोष अन्तर्गत ११० इकाईको रु.४ अर्ब ३३ करोड ३४ लाख पेश्की फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये शान्ति सेना सञ्चालन निर्देशनालयलतर्फ रु.३ अर्ब ६३ करोड ३ लाख बाँकी छ । त्यसैगरी विदेशी मुद्रातर्फ अमेरिकी डलर १ करोड ६० लाख ८५ हजार पेश्की फछ्र्यौंट गर्न बाँकी रहेको छ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ ।
  - मन्त्रालय र मातहतका समेत ६५ निकायमा यो वर्ष रु.२ अर्ब ४० करोड ३२ लाख २४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ७७ लाख ७६ हजार फछ्र्यौट गरेकोले रु.२ अर्ब ३७ करोड ५४ लाख ४८ हजार बाँकी रहेको छ । सोमध्ये रु. २ अर्ब ३१ करोड ४५ लाख ७८ हजार पेश्की बाँकी रहेको छ ।
  - अन्य संस्था ६ तर्फ रु.४ अर्ब ८२ करोड १० लाख ८१ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ अर्ब १६ करोड ६५ लाख ९० हजार फर्योट गरेकोले रु.६५ करोड ४४ लाख ९१ हजार बाँकी रहेको छ । सोमध्ये रु ५८ करोड ६५ लाख १४ हजार पेश्की वांकी रहेको छ ।